# उच्च सरकारी वकील कार्यालय

जुम्ला

(प्रशासन शाखा)

visit Nepal 2020

पत्र संख्या:०७६/०७७

चलानी नं. ४८५

मिति: २०७७/२/९

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला सरकारी वकील कर्यालय,

जुम्ला, हुम्ला, डोल्पा, मुग र कालिकोट ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको मितिः २०७७ /२/९ गतेको निर्णयानुसार निम्न बमोजिम कार्य तहाँ कार्यालयबाट गर्न हुन अनुरोध छ ।

१) जिन्सी विवरण व्यवस्थित गर्न कार्यालयको खर्च नभएर जाने जिन्सी सामाग्रीहरू विवरण अद्दावधिक राख्ने, प्रत्येक कोठामा जिन्सी सामाग्रीहरूको विवरण टाँस्ने, खर्च नभएर जाने सामाग्रीहरूमा जिन्सी खाता नम्बर उल्लेख गर्ने र आ.व. ०७६/०७७ सालको जिन्सी निरीक्षण प्रतिवेदन यस कार्यालयमा समेत पठाउने ।

२) लकडाउनका कारण अदालतबाट भएको थुनछेकको आदेशमा चित्त नबुझेमा समयमै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदनको मस्यौदा, पुनरावेदन मस्यौदा, पुनरावेदन नगर्ने प्रस्तावको मस्यौदा, कोही कसैउपर मुद्दा नचलाउने तामेली निर्णयको प्रतिलिपी सहित मुद्दाका फाइलहरूका सम्पूर्ण डकुमेन्टहरू स्क्यान गरी इमेलमा पठाउने । यातायात सुचारू भएको अवस्थामा समेत दफा ७३ बमोजिमको निवेदनको मस्यौदा थुनछेक आदेश भएको दश दिन भित्र मस्यौदा सहित मुद्दाको फाईल, पुनरावेदन मस्यौदा र पुनरावेदन नगर्ने प्रस्तावको मस्यौदा सहित मुद्दाको फाईल फैसला बुझेको दश दिन भित्र र कोही कसैउपर मुद्दा नचलाउने तामेली निर्णयका लागि निर्णयको प्रतिलिपी सहित मुद्दाको फाइल गुज्रने म्याद भन्दा सामान्यतया दुई महिना पहिले नै पठाउने व्यवस्था गर्ने र मस्यौदाको ड्राफ्ट तत्काल इमेलमा पठाउने र मुद्दाको फाइलहरू तोकिएको अवधीमा पठाउन सक्ने अवस्था नभएमा इमेल मार्फत डकुमेन्टहरू स्क्यान गरी इमेलमा पठाउने ।

३) मातहत कार्यालयहरूका कार्यालय प्रमुखले आफू लगायत मातहत कर्मचारीहरूलाई कार्यविवरण नदिएको भएमा कार्यविवरण दिने । प्रत्येक महिनाको ७ गते भित्र प्रत्येक कर्मचारीले तोकिएको जिम्मेवारी र कार्यविवरण अनुसार अघिल्लो महिना सम्पन्न गरेको कामको विवरण विदा वा काजमा रहेको अवस्थामा बाहेक पछिल्लो महिनाको ७ गते भित्र र विदा वा काजमा रहेका कर्मचारीहरूले कार्यालयमा हाजिर भए पश्चात प्रशासन शाखामा बुझाउने । कार्यालय प्रमुखले प्रत्येक कर्मचारीलाई जिम्मेवारी अनुसारको कार्यविवरण दिई काममा लगाउनुपर्ने ।

४) यस कार्यालयबाट मातहत कार्यालयहरूलाई मुद्दाको काम कारबाही व्यवस्थित गर्ने सम्बन्धमा च.नं. ६१४, मितिः २०७६/३/१० को पत्रमा उल्लेख गरेको सम्बन्धमा, निर्णय कार्यान्वयन सम्बन्धमा च.नं. ६५३, मितिः २०७६/३/१७ मा जारी गरेको पत्रको सम्बन्धमा, परिक्षण

नि. सहन्यायाधिवक्ता

फोन नं: ०८७-५२००१०

ईमेल: hgao.jumla@ag.gov.np, appelateattorneyjumla@gmail.com

# उच्च सरकारी वकील कार्यालय
जुम्ला
(प्रशासन शाखा)


visit Nepal 2020

पत्र संख्या:०७६/०७७
चलानी नं. ५८५

मिति: २०७७/२/९

रिपोर्ट सम्बन्धमा च.नं. २, मितिः २०७६/४/१ मा जारी गरेको पत्रमा उल्लेख भएका निर्णयका बुँदाहरू कार्यान्वयन सम्बन्धमा जारी भएका पत्रहरूमा उल्लेख भएका निर्णय र निर्देशनहरू र अनुगमनका क्रममा दिएका निर्देशन र सुझावहरू कार्यान्वयनमा द्विविधा र कठिनाई भए यस कार्यालयलाई जानकारी गराउने ।

५) कार्यालयको मितिः २०७७।२।९ को वैठकको निर्णयको माइन्युटको प्रतिलिपी पत्रसाथ संलग्न छ ।

............................
(पुण्यप्रसाद पाठक)
निमित्त सहन्यायाधिवक्ता

नि.सहन्यायाधिवक्ता

वोधार्थः
१) श्री महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं ।


फोन नं: ०८७-५२००१०
ईमेल: hgao.jumla@ag.gov.np, appelateattorneyjumla@gmail.com